आज मिति २०८२ पुष १६ गते बुधबारका दिन दुहवी नगरपालिकाका नगर प्रमुख श्री वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा तपसिलका विषयहरू माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितीः

| सि.नं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | वेद नारायण गच्छदार | नगर प्रमुख | |
| २ | मेनुका पोखरेल खतिवडा | नगर उप-प्रमुख | |
| ३ | मो.अजुल हुसैन | वडा अध्यक्ष | |
| ४ | अरविन्द कुमार विश्वास | वडा अध्यक्ष | |
| ५ | माधव बहादुर भण्डारी | वडा अध्यक्ष | |
| ६ | मो.मस्तकी मिया | वडा अध्यक्ष | |
| ७ | रमेश रौनियार | वडा अध्यक्ष | |
| ८ | घनश्याम हलुवाई | वडा अध्यक्ष | |
| ९ | विजय चौधरी | वडा अध्यक्ष | |
| १० | तारिकचन्द सरदार | वडा अध्यक्ष | |
| ११ | मेहदी हुसेन | वडा अध्यक्ष | |
| १२ | तुलाराम माझी | वडा अध्यक्ष | |
| १३ | खड्गनारायण उराव | वडा अध्यक्ष | |
| १४ | रामचन्द्र चौधरी | वडा अध्यक्ष | |
| १५ | ललिता चौधरी | कार्यपालिका सदस्य | ललिता |
| १६ | बबिता देवी थरूनी | कार्यपालिका सदस्य | बबिता |
| १७ | सरिता कुमारी रिषिदेव | कार्यपालिका सदस्य | सरिता |
| १८ | ललिता सादा हरिजन | कार्यपालिका सदस्य | |
| १९ | मिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | जयब्रत सरकार | कार्यपालिका सदस्य | |
| २१ | धर्मेन्द्र रिषिदेव | कार्यपालिका सदस्य | |
| २२ | सरिता मुसहर्नी | कार्यपालिका सदस्य | सरिता |
| २३ | सुवर्ण घिमिरे | प्र.प्र.अ. | |
| २४ | प्रभाकर प्र० पौडेल | [illegible] | |
| २५ | शिवनारायण चौधरी | का.मि. | |

आज मिति २०८२ पुष १६ गते बुधबारका दिन दुहवी नगरपालिकाको नगर प्रमुख वेदनारायण गच्छदारज्यूको अध्यक्षतामा बसेको कार्यपालिका वैठकमा तपसिल बमोजिमको प्रस्तावहरु पारित गर्ने निर्णय गरियो ।

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १ - नगरसभा संचालन सम्बन्धमा ।
प्रस्ताव नं. २ - विद्यालय कामको संसार चिनाउने कार्यक्रम संचालन मार्गदर्शन २०८२ स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ३ - बजेट संसोधन/परिमार्जन सम्बन्धमा ।
प्रस्ताव नं. ४ - विविध ।

निर्णयहरुः

निर्णय नं. १ - प्रस्ताव नं १ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको हिउदे नगरसभा यही पौष २४ गते देखि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ - प्रस्ताव नं २ माथि छलफल गर्दा शिक्षा तर्फको कामको संसार चिनाउने कार्यक्रम संचालन मार्गदर्शन, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ - प्रस्ताव नं ३ माथि छलफल गर्दा २०८२ असाढ ८ गतेको नगरसभावाट पारित तथा २०८२ श्रावण १ बाट कार्यान्वयन हुदै आएको कार्यक्रम स्वीकृत गर्दै हालसम्म कार्यपालिकावाट स्वीकृत भई लागु भएका योजना, कार्यक्रम, वडा बजेट कार्यक्रम अनुमोदन गरी बाकी संसोधन, परिमार्जन गर्नुपर्ने योजना कार्यक्रम आगामी नगरसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ - विविध

निर्णय नं. क - प्रस्ताव नं क माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्रमा बढिरहेको जाडो/शितलहरबाट प्रभावित विद्यालयलाई शितलहर नियन्त्रण नहुन्जेल सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं. ख - प्रस्ताव नं ख माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको विभिन्न वडाहरुमा शितलहरको असरको कारण नागरिकको दैनिक जनजिवन प्रभावित भैरहेको हुनाले प्रत्येक वडामा दाउरा वितरणको लागि विपद व्यवस्थापनवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ग - प्रस्ताव नं ग माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको विभिन्न योजना तथा कार्यक्रम, वडास्तर कार्यक्रमको उपभोक्ता समिति तथा दरभाउपत्रदाताहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. घ - प्रस्ताव नं घ माथि छलफल गर्दा यस दुहवी नगरपालिकाको वडा नं. ८ स्थित रहेको विष्णु मा.वि.को अधुरो भवन निर्माणको लागि समपुरक कोषबाट विद्यालय पूर्वाधार विकास कार्यक्रमलाई रु.३० लाख बजेट विनियोजन गरी कार्य गराउने निर्णय गरियो ।